प्र.जि.अ.का.झापा द.नं. २६।०३९।४०

# जनज्योति

साप्ताहिक

Janajyoti Weekly

सगरमाथाको संरक्षण गरौं,
प्राकृतिक सम्पदा जोगाऔं ।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं ।

हिमाल हाम्रो पहिचान र गौरवको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

■ वर्ष: ४५ ■ अंक : ८ ■ २०८३ जेठ १७ गते आइतबार ■ Sunday, 31 May 2026 ■ मूल्य रू. ७।-

# नयाँ बजेटले जगाएको आशा

✍ खगेन्द्र कार्की

दमक । जेनजी आन्दोलनपछिको राजनीतिक अस्थिरता, सार्वजनिक सम्पत्तिमा भएको क्षति र आर्थिक गतिविधिमा आएको सुस्तताले थलिएको अर्थतन्त्रलाई पुन: चलायमान बनाउने लक्ष्यसहित सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ । अघिल्लो वर्षको भन्दा २ खर्ब बढीको बजेट इतिहासकै सबैभन्दा ठूलो बजेट हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारको पहिलो पूर्ण बजेटका रूपमा आएको यो बजेटले विकास निर्माण, ऊर्जा, सूचना प्रविधि, कृषि तथा निजी क्षेत्रलाई प्राथमिकतामा राख्दै आर्थिक पुनरुत्थानको खाका प्रस्तुत गरेको छ । यो बजेटले स्वदेश तथा विदेशमा आम नेपालीमा नयाँ आशाको जनलहर सिर्जना गरेको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत गर्दै यसलाई “उत्पादनमुखी, प्रविधिमैत्री र सुशासनमा आधारित आर्थिक रूपान्तरणको मार्गचित्र“ का रूपमा व्याख्या गरे । नेपालका प्रथम अर्थमन्त्री सुवर्ण शमशेरको स्मरण गर्दै प्रस्तुत गरिएको बजेटमा जेनजी आन्दोलनपछि उठेका सुशासन, प्रशासनिक सुधार र आर्थिक पुनर्निर्माणका मागलाई सम्बोधन गर्ने प्रयास गरिएको छ ।

बजेटले सडक तथा सहरी पूर्वाधार विकासका लागि २ खर्ब ८६ अर्ब ४८ करोड रुपैयाँ विनियोजन गरेको छ । पूर्व-पश्चिम राजमार्ग, काठमाडौं-तराई द्रुतमार्ग, हुलाकी राजमार्ग, प्रसारण लाइन, सिँचाइ आयोजना तथा खानेपानी परियोजनामा ठूलो लगानी गरिने भएको छ । सरकारले ऊर्जा क्षेत्रमा ८५ अर्ब ५४ करोड रुपैयाँ छुट्याउँदै आगामी वर्ष १ हजार ४० मेगावाट विद्यूत राष्ट्रिय प्रणालीमा थप्ने लक्ष्य लिएको छ ।

बजेटका सबैभन्दा चर्चित पक्षमध्ये मध्यम वर्गलाई राहत बाँकी ४ पेजमा ▸▸

## कार्यान्वयन चुनौतिपूर्ण

दमक । बजेटप्रति सत्तारूढ दल रास्वपा उत्साहित देखिएको छ । पार्टीका प्रवक्ता एवं सांसद मनीष झाले बजेटले मधेश, कर्णाली र सुदूरपश्चिमलाई प्राथमिकता दिएको, सडक, झोलुङ्गे पुल, सूचना प्रविधि, वैदेशिक लगानी र उद्यमशीलतालाई प्रोत्साहन गरेको भन्दै सकारात्मक प्रतिक्रिया दिए । उनले प्रधानमन्त्री बालेन्द्र शाह र पार्टी सभापति रवि लामिछानेसमेत बजेटप्रति उत्साहित रहेको बताए ।

तर, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटलाई आर्थिक रूपमा बोझिलो र असन्तुलित भन्दै आलोचना गरेको छ । प्रवक्ता **देवराज चालिसे**ले बजेटले “जहाँ भोट, त्यहीँ बजेट” को नीति लिएको आरोप लगाउँदै चालु खर्च अत्यधिक र पुँजीगत खर्च न्यून भएको बताए । उनका अनुसार कुल बजेटको ५९.८ प्रतिशत चालु खर्च र २०.३ प्रतिशत मात्र पुँजीगत खर्च हुनु सरकारको खर्च व्यवस्थापनमा कमजोरीको संकेत हो । कांग्रेसले ऋणको लक्ष्य पुँजीगत खर्चभन्दा बढी राखिनु गम्भीर विषय भएको बताउँदै भविष्यमा ऋण तिर्नकै लागि ऋण लिनुपर्ने अवस्था आउन सक्ने चेतावनी दिएको छ । त्यस्तै, राजस्व लक्ष्य अत्यधिक महत्वाकांक्षी भए पनि उत्पादन, उद्योग र रोजगारी वृद्धि गर्ने स्पष्ट आधार नदेखिएको आरोप पनि लगाइएको छ । कांग्रेसले कर नीतिमा पनि विरोधाभास रहेको भन्दै आयकर घटाइए पनि जनजीवनसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरूमा नयाँ शुल्क र कर विस्तार गरिएको भन्दै असन्तुष्टि जनाएको छ । साथै, किसान, गरिब र उत्पादन क्षेत्रलाई बजेटले पर्याप्त सम्बोधन नगरेको र व्यापार घाटा झन् बढ्ने सम्भावना रहेको निष्कर्ष निकालेको छ । बाँकी ४ पेजमा ▸▸

पत्रकारहरुको हाजिरीजवाफ

# प्रेस क्लब भद्रपुर प्रथम



दमक । नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा सम्पन्न पत्रकारिता विषयका हाजिरीजवाफ प्रतियोगितामा भद्रपुर प्रेस क्लब प्रथम भएको छ । दमकमा शनिबार आयोजित प्रतियोगितामा जिल्लाका ११ पत्रकार तथा सञ्चारसम्बद्ध संस्थाहरूको सहभागिता रहेको थियो । पत्रकारिता, सञ्चार, आचारसंहिता, समसामयिक विषय तथा पेशागत ज्ञानसँग सम्बन्धित प्रश्नहरू समेटिएको प्रतिस्पर्धामा भद्रपुर प्रेस क्लबले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जितेको हो ।

प्रतियोगितामा अर्जुनधारा प्रेस क्लब द्वितीय तथा नेपाल प्रेस युनियन तृतीय स्थानमा रहे । त्यसैगरी प्रेस क्लबहरु, प्रेस चौतारी, नारी सञ्चार गृह, सञ्चारिका समूह, फोनिज झापा तथा पर्यटन पत्रकार मञ्चले सान्त्वना स्थान प्राप्त गरेका थिए ।

विजेता टोलीलाई क्रमश: बाँकी ४ पेजमा ▸▸

# आमाको दूध प्रोत्साहीत कार्यक्रम

दमक/ झापाको कमल गाउँपालिकामा आमाको दूध प्रतिस्थापन गर्ने वस्तुहरूको (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा स्तनपान सम्बन्धी सरोकारवाला निकाय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कमल गाउँपालिकाको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको उद्घाटन कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले गरेका थिए । त्यस क्रममा उनले स्वस्थ, सक्षम र समृद्ध समाज निर्माणका लागि शिशुको उचित पोषण तथा स्तनपानको महत्वपूर्ण भूमिका रहने बताए । अध्यक्ष राईले मातृ तथा शिशु स्वास्थ्य सुधारका लागि स्थानीय तह, स्वास्थ्य संस्था, फार्मेसी, निजी अस्पताल तथा समुदाय सबैको साझा जिम्मेवारी रहेकोमा जोड दिए । कार्यक्रममा कमल गाउँपालिका क्षेत्रभित्र रहेका फार्मेसी, निजी क्लिनिक तथा अस्पतालका सञ्चालक एवं प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रम सञ्चालन कमल गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दिपकप्रसाद दाहालले गरेका थिए भने स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यबारे स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक बालकृष्ण गौतमले जानकारी गराएका थिए । अभिमुखीकरण कार्यक्रममा स्तनपानको महत्व, शिशु पोषण सुधार, आमाको दूध प्रतिस्थापन गर्ने वस्तुहरूको अनियन्त्रित प्रचार-प्रसार तथा बिक्री वितरण नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था, स्वास्थ्य संस्थाहरूको भूमिका तथा समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने विषयमा स्वास्थ्य कार्यालय सोलुखुम्बुका प्रमुख जीवन चम्लागाईंले सहजीकरण तथा प्रशिक्षण दिएका थिए ।

आगामी चरणमा “आमाको दूध प्रतिस्थापन गर्ने वस्तुहरूको (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९” सम्बन्धी फार्मेसी, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा प्रत्यक्ष निरीक्षण तथा अनुगमन कार्यक्रम सञ्चालन गर्ने गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दिपकप्रसाद दाहालले दिए ।

## पूर्वप्रम प्रचण्ड अस्पताल भर्ना



दमक । नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवम् पूर्वप्रधानमन्त्री पुस्पकमल दाहाल ‘प्रचण्ड’ अस्पताल भर्ना भएका छन्। प्रचण्डका प्रमुख स्वकीय सचिव गोविन्द आचार्यका अनुसार आज (शनिबार) बिहान उनलाई ललितपुरस्थित मेडिसिटी अस्पतालमा भर्ना गरिएको हो । आचार्यका अनुसार प्रचण्ड तीन दिनदेखि अस्वस्थ छन् । ‘रुघा र ज्वरोका साथै हल्का निमोनियाका कारण उहाँलाई चिकित्सकहरूले अस्पतालमा भर्ना गरेर उपचार गरिरहेका छन्। उहाँको स्वास्थ्यमा क्रमश: सुधार भइरहेको छ’, आचार्यले नेपालखबरसँग भने ।

## पार्टी नछाड्न एमालेमा आग्रह

दमक । नेकपा (एमाले) ले नेता(कार्यकर्तालाई पार्टी नछाड्न आग्रह गर्दै संगठनलाई पुनर्गठन र पुनर्जागरणको दिशामा अघि बढाउने घोषणा गरेको छ। अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार जारी गरेको ४६ पृष्ठ लामो ‘अन्तर पार्टी निर्देशन(२’ (अपानी) मार्फत निर्वाचनको परिणामपछि निराशा र पलायनको मनोवृत्ति देखिएको भन्दै पार्टी पंक्तिमा आशा र उत्साह जगाउन आवश्यक रहेको बताएका हुन्।

अपानीमा आगामी असार दोस्रो साता बस्ने केन्द्रीय कमिटी बैठकबाट पार्टी पुनर्गठन तथा पुनर्जागरणसम्बन्धी कार्ययोजना अघि बढाइने उल्लेख गरिएको छ।

## निर्वाचन प्रमुखमा दाहाल

दमक/ नेकपा एमाले निर्वाचन विभाग प्रमुख देवेन्द्र दाहाल चयन भएका छन् । पार्टी अध्यक्ष केपी शर्मा ओलीले जारी गरेको अन्तर पार्टी निर्देशन (अपानि) २ अनुसार दाहाललाई सो जिम्मेवारी दिइएको हो । दहाल झापा दमकका बासिन्दा हुन् । यस अघि विभागको प्रमुख निरज आचार्य थिए । आचार्यलाई अहिले प्रचार तथा प्रकाशन विभागको प्रमुख तोकिएको छ । दाहाल यस अघि स्थानीय तह विभाग प्रमुख थिए ।

## खोलामा शव फेला

दमक/ झापाको दमकमा एक जना महिलाको शव फेला परेको छ । दमकस्थित सेतुमारी पुल नजिकै रतुवा खोलामा बोराभित्र बाँधिएको अवस्थामा महिलाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रवहादुर खड्काले जानकारी दिए । घटनाबारेमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## ४ सय ५३ नेपालीको उद्धार

दमक/ भारतको उत्तर प्रदेशस्थित कुशीनगरबाट उद्धार गरिएका ४५३ जना नेपालीलाई बेलहिया नाका हुँदै स्वदेश फर्काइएको छ । भारतीय प्रहरीको सहयोगमा लुम्बिनी प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालय रूपन्देहीको टोलीले कुशीनगर पुगेर उनीहरूको उद्धार गरेको हो ।

उद्धार गरिएकाहरूलाई भारतको सुनौली हुँदै बेलहिया नाकाबाट भैरहवा ल्याइएको प्रहरीले जनाएको छ। रूपन्देहीका प्रहरी प्रमुख (एसपी) जनकबहादुर शाहीका अनुसार भारतीय राजदूतावासको समन्वय तथा एसएसपी प्रकाश मल्लको नेतृत्वमा खटिएको नेपाल प्रहरीको टोलीले उनीहरूको उद्धार गरेको हो । बाँकी ४ पेजमा ▸▸

# सितापुरीमा उभौली विशेष साकेलाको उल्लास



तस्बिर : इलामको च्याब्रुङ नाच

दमक । किरात राई यायोक्खा झापाले मनाउदै आएको सांस्कृतिक चाड उभौली शनिवार जिल्लाको कमल गाउँपालिका ५ सितापुरीमा विशेष कार्यक्रम गरि मनाईएको छ ।

बैशाखे पूर्णिमादेखि शुरु भएको उभौली विशेष सांस्कृतिक कार्यक्रम जिल्लाका सवै स्थानीय तहमा धुमधामका साथ मनाउदै शनिवार विधिवत् सम्पन्न भएको हो ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क राईको प्रमुख आतिथ्यतामा भएको साकेला सिली समापन कार्यक्रममा झापासहित मोरङ, सुनसरी, इलाम र छिमेकी भारतसम्मका साकेला राई टोली तथा सर्वसाधारणहरुको उपस्थिति रहेको थियो ।

ढोलझयाम्टा र आफ्नै भेषभूषामा सजिएका साकेला नृत्य टोलीले आफनो साकेला नृत्य प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रममा तीन दर्जन बढी साकेला टोलीले आफनो नृत्य प्रस्तुत गरेका यायोक्खा प्रदेश १ का अध्यक्ष पारषमणि राईले बताए । बाँकी ४ पेजमा ▸▸

# अम्रिसो खेतीले बदल्दै किसानको जीवनस्तर

*दमक । कोशी प्रदेशका भोजपुर, धनकुटा, तेह्रथुम, खोटाङलगायत पहाडी जिल्लादेखि पश्चिम नेपालको नवलपरासी सुस्ता पूर्वसम्म अम्रिसो खेती किसानको आम्दानीको महत्वपूर्ण स्रोत बन्दै गएको छ। पहाडी भू( भागमा अन्य खेतीबाट अपेक्षित उत्पादन नहुने भएकाले धेरै किसान अम्रिसो खेतीतर्फ आकर्षित भएका छन्। यसले ग्रामीण क्षेत्रका बासिन्दाको आर्थिक अवस्था सुधार्न महत्वपूर्ण भूमिका खेलेको छ।*



*नवलपरासी सुस्ता पूर्वका हुप्सेकोट, बौदीकाली, बुलिङटार, गैंडाकोट, मध्यविन्दु तथा विनयी त्रिवेणी गाउँपालिकाका पहाडी क्षेत्रमा डिभिजन वन कार्यालयमार्फत कबुलियती वनमा अम्रिसो खेतीलाई प्रोत्साहन गरिएको छ। यस कार्यक्रमअन्तर्गत १२१ वटा समूहले अम्रिसो खेती गरिरहेका छन्। वन कार्यालयले नि:शुल्क बिरुवा वितरण गरेपछि स्थानीयहरू व्यावसायिक खेतीतर्फ आकर्षित भएका हुन् ।*

*जिल्ला सुपरिवेक्षक तुलबहादुर रानाका अनुसार यस वर्ष नवलपुरमा ३०१ मेट्रिक टन अम्रिसो उत्पादन भई बिक्री भएको छ, जसबाट किसानले एक करोड ६५ लाख ७२ हजार रुपैयाँ आम्दानी गरेका छन्। पहिला बाँझो र झाडीले ढाकिएका डाँडापाखा अहिले हराभरा बनेका छन् भने अम्रिसो धेरै परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ ।*

*हुप्सेकोटस्थित दैतेगैरा कबुलियती वन समूहका अध्यक्ष यमबहादुर* बाँकी ४ पेजमा ▸▸

## १ हजार १८६ सहकारी सम्पर्कविहीन

दमक । काठमाडौं महानगरपालिकाभित्र दर्ता भएका सहकारी संस्थामध्ये एक हजार १८६ वटा सम्पर्कविहीन रहेको पाइएको छ। महानगर सहकारी विभागका अनुसार दर्ता भएका संस्थामध्ये ७२६ वटा सहकारीले मात्रै नियमित रूपमा वार्षिक प्रतिवेदन बुझाउँदै आएका छन्।

विभाग प्रमुख ूवकुमार काफ्लेले सम्पर्कमा नरहेका सहकारीमाथि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए। सहकारीको नियमन र समस्या समाधानका लागि वडा महिला सञ्जाललाई समेत जिम्मेवारी दिइएको छ।

महानगरले बचत फिर्ता, ऋण असुली तथा सहकारीसम्बन्धी विवाद समाधानका लागि वडा तहबाट मेलमिलाप र समन्वय बाँकी ४ पेजमा ▸▸

## पानी पार्ने प्रणाली पश्चिमबाट पूर्वतर्फ

दमक । हाल सुदूरपश्चिम, लुम्बिनी, कर्णाली, गण्डकी र बागमती प्रदेशका थोरै स्थानमा मध्यमसम्म वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसम महाशाखाले शनिबार सूचना जारी गरी पानी पार्ने प्रणाली पश्चिमतर्फ सर्दै गएको र ती क्षेत्रमा थप वर्षा हुन सक्ने सम्भावना रहेको जानकारी दिएको छ ।

पछिल्लो ३ घण्टामा मकवानपुरको रजाईमा सबैभन्दा धेरै ३२ मिलिमिटर वर्षा भएको जानकारी पनि मौसम महाशाखाले दिएको छ ।

महाशाखाका मौसमविद् सरोज पुडासैनीका अनुसार आज अपराह्न वा साँझपख काठमाडौं उपत्यकामा पनि मध्यमसम्म वर्षा हुने सम्भावना छ ।



ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक-५
कार्यालय : दमक-५ फोन:५७०२७२

## सम्पादकीय....

# बजेट प्रतिको भरोसा

सरकारले आगामी आर्थिक वर्षका लागि देशको आर्थिक मार्गचित्रको रूपमा बजेट सार्वजनिक गरेको छ ।

चालु आवको तुलनामा एक खर्ब ६० अर्ब रूपियाँ बढाएर अर्थमन्त्री डा. स्वर्णीम वाग्लेले आगामी आवका लागि २१ खर्ब २४ अर्ब ३४ करोड रूपियाँको बजेट प्रस्तुत गरे । चालु आवका लागि सरकारले १८ खर्ब ६४ अर्ब रूपियाँको बजेट प्रस्तुत गरेको थियो । आगामी बजेटमा सरकारले चालु वर्षको तुलनामा चालु खर्च करिब ८० अर्ब, पुँजीगत खर्च २३ अर्ब र ऋण भुक्तानीका लागि प्रयोग हुने वित्तीय खर्च ४७ अर्ब रूपियाँले बढाएको छ । खर्च गर्ने स्रोतका रुपमा सरकारले १४ खर्ब पाँच अर्ब राजस्व, ६१ अर्ब अनुदान र अपुग हुने छ खर्ब ५७ अर्ब रूपियाँका लागि आन्तरिक र बाह्य ऋण लिने लक्ष्य राखेको छ ।

बजेट अर्थतन्त्रको सुधारमा केन्द्रित रहेको विज्ञहरूले समेत बताएका छन् । गणस्तरीय शिक्षाको प्रवर्द्धन, नवप्रवर्तनको विकास, आयकर छुटको सीमा वृद्धी जस्ता कार्यक्रमले नागरिकहरूलाई आशावादी र उत्साही पनि बनाएको छ । बजेट भाषण गरि रहँदा अर्थमन्त्रीले आगामी वर्षलाई बजेट अनुशासनको मानक वर्ष बनाउने पनि घोषणा गरेका छन् । यसले बजेट कार्यान्वयन र वित्तिय अनुशासनलाई पनि दर्विलो बनाउने अपेक्षामा नागरिकहरू रहेका छन् ।

जेनजी विद्रोहपछि निर्वाचित सरकारका रुपमा रुपान्तरणको ठुलो अपेक्षा रहेकाले विद्यमान अर्थतन्त्रको स्वरुपमै परिवर्तन ल्याउने गरी बजेटले दिशा तय गरेको अर्थमन्त्रीको दावि छ । यसको कार्यान्वयनमार्फत नेपालको राजनीतिमा उमेरको पुस्तान्तरणसँगै बढेको परिवर्तनको अपेक्षाका लागि बजेट पत्यारिलो उपकरण बन्ने सरकारले बताई रहँदा निजी क्षेत्रले पनि बजेट प्रति आशावादीता ब्यक्त गरेको छ । त्यसैले विभिन्न पक्षको धारणा सुन्दा, बजेटले समग्र क्षेत्रलाई समेटेको छ ।

बजेटमा कुनै विषय समेटिनु मात्र उपलब्धि मान्न सकिँदैन, त्यसको प्रभावकारी कार्यान्वयन हुनु नै वास्तविक सफलता हो। सरकारले शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पूर्वाधार, उद्योग तथा सामाजिक सुरक्षाका क्षेत्रमा महत्वाकांक्षी योजना घोषणा गरे पनि ती योजनाहरु ब्यवहारमा लागू नभएसम्म नागरिकले प्रत्यक्ष लाभ प्राप्त गर्न सक्दैनन् । विगतमा पनि विभिन्न सरकारले आकर्षक कार्यक्रम र योजनासहितका बजेट ल्याएका थिए, तर कार्यान्वयन पक्ष कमजोर हुँदा अपेक्षित परिणाम हासिल हुन सकेन । यसपटक गणतन्त्र स्थापना पछिकै सबैभन्दा बलियो राजनीतिक आधार भएको सरकारले बजेट प्रस्तुत गरेको छ। स्थिर सरकारसँग नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने अवसर र जिम्मेवारी दुवै रहेको छ। त्यसैले नागरिकहरु केवल घोषणाभन्दा पनि परिणामको प्रतीक्षामा छन् । युवाहरु रोजगारीको अवसर बढ्ने, किसानहरु उत्पादनको उचित मूल्य पाउने, उद्यमीहरुले लगानीमैत्री वातावरण प्राप्त गर्ने तथा आम नागरिकले गुणस्तरीय सेवा सुविधा सहज रुपमा पाउने अपेक्षा राखेका छन् ।

# बजेटमा जनअपेक्षा



✍ सुरेम देसार

सरकारले शुक्रबार (आज) प्रस्तुत गर्न लागेको आगामी आर्थिक वर्षको बजेटप्रति आमनागरिकको चासो अत्यन्तै उच्च छ । यो आयव्ययको विवरणमात्र नभई देशकै आर्थिक दिशा निर्धारण गर्ने महत्वपूर्ण नीतिगत दस्तावेजसमेत हो । त्यसैले हरेक वर्ष बजेट आउँदा नागरिक, व्यवसायी, किसान, युवा तथा नीतिनिर्माताका ध्यानकेन्द्रित हुन्छन् । यसपटक पनि जनताको मुख्य अपेक्षा आर्थिक राहत, मूल्य नियन्त्रण, रोजगारी सिर्जना र स्थिर आर्थिक नै नीति हो ।

पछिल्ला केही वर्षदेखि नेपालमा महँगी निरन्तर बढिरहेको छ । खाद्यान्न, इन्धन, स्वास्थ्य सेवा, शिक्षा र दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धिले सामान्य नागरिकको जीवनयापन कठिन बनाएको छ । आम्दानी स्थिर भए पनि खर्च बढ्दै गएको अवस्थाले मध्यम वर्ग सबैभन्दा बढी प्रभावित छ । यस्तो अवस्थामा जनताले सरकारबाट अपेक्षा गर्ने पहिलो कुरा भनेको मूल्य नियन्त्रण नै हो । बजेटमार्फत कर नीति, आपूर्ति व्यवस्था र बजार अनुगमन प्रभावकारी बनाइ महँगी नियन्त्रण गर्न सकिएमात्र जनतामा केही राहत महसुस हुनेछ ।

त्यसैगरी, रोजगारी समस्या अहिलेको अर्को गम्भीर चुनौती हो । प्रत्येक वर्ष हजारौं युवा विदेशिन बाध्य छन्, जसले देशको श्रमशक्तिमात्र होइन, भविष्यको उत्पादन क्षमता पनि घटाइरहेको छ । बजेटले देशभित्रै रोजगारी सिर्जना गर्ने स्पष्ट योजना ल्याउनुपर्ने आवश्यकता छ । विशेषगरी कृषि, पर्यटन, निर्माण, साना तथा मझौला उद्योग र सूचना प्रविधि क्षेत्रमा लगानी बढाएर स्थानीयस्तरमै रोजगारी सिर्जना गर्न सकिन्छ । यदि बजेटले योजनाको सूचीमात्र प्रस्तुत गर्छ, तर कार्यान्वयन कमजोर हुन्छ भने त्यसले जनविश्वास जित्न सक्दैन । जनताले सरकारसँग स्थिर आर्थिक नीति अपेक्षा गरेका छन् । बारम्बार नीति परिवर्तन, कर प्रणालीमा अनिश्चितता र लगानीमैत्री वातावरण अभावले निजी क्षेत्र प्रभावित हुँदै आएको छ । लगानीकर्ताले दीर्घकालीन योजना बनाउन नसक्दा अर्थतन्त्रमा अनिश्चितता बढेको छ । त्यसैले बजेटले कर प्रणाली सरल, पारदर्शी र अनुमानयोग्य बनाउन आवश्यक छ । करको दरभन्दा पनि दायरा विस्तार गरी सबैलाई समेट्ने नीति अपनाइए अर्थतन्त्र अझ बलियो हुनसक्छ ।

कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड भए पनि लामो समयदेखि यो क्षेत्र उपेक्षित छ । अधिकांश किसान अझै पनि परम्परागत खेतीमा निर्भर छन् । सिँचाइ, बिउ, मल, बजार पहुँच र प्रविधि अभावले कृषि उत्पादन अपेक्षित रूपमा बढ्न सकेको छैन । बजेटले कृषि आधुनिकीकरणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । किसानलाई सहुलियत ऋण, अनुदान, बिउ-मल सहज उपलब्धता र उत्पादन सुनिश्चित बजार व्यवस्था गरिएमात्र कृषि क्षेत्र आकर्षक बन्न सक्छ । यसले ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउने छ र आयातमा निर्भरता घटाउने छ ।

स्वास्थ्य र शिक्षा क्षेत्र पनि जनताको प्रमुख सरोकारका विषय हुन् । महँगो स्वास्थ्य सेवा र गुणस्तरहीन शिक्षा प्रणालीले आमनागरिकलाई निराश बनाएको छ । बजेटले सार्वजनिक स्वास्थ्य प्रणाली सुधार गर्न, अस्पतालको पूर्वाधार विकास र आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ बनाउनुपर्ने आवश्यकता छ । शिक्षा क्षेत्रमा प्रविधि प्रयोग, गुणस्तर सुधार र सीपमूलक शिक्षामा जोड दिनुपर्छ । शिक्षा प्रमाणपत्रमा सीमित नभई रोजगारीसँग जोडिनुपर्छ । पछिल्ला वर्ष जनताको राज्यप्रति विश्वास कमजोर हुँदै गएको छ । बजेटमा घोषणा गरिएका धेरै कार्यक्रम कागजमै सीमित हुने प्रवृत्तिले जनविश्वास घटाएको छ । त्यसैले यसपटकको बजेटले ठूलो योजना होइन, कार्यान्वयनको स्पष्ट खाका प्रस्तुत गर्नुपर्छ ।

प्रत्येक कार्यक्रमको समयसीमा, जिम्मेवार निकाय र परिणाम मापनको प्रणाली स्पष्ट हुनुपर्छ । पारदर्शिता र जवाफदेहिताबिना कुनै पनि आर्थिक नीति सफल हुन सक्दैन । पूर्वाधार विकास पनि बजेटको महत्वपूर्ण पक्ष हो । सडक, पुल, ऊर्जा, सिँचाइ र सहरी विकासका परियोजनाले आर्थिक गतिविधि विस्तार गर्छन् । तर, धेरै परियोजना वर्षौंसम्म अलपत्र अवस्थामा रहँदा राज्य स्रोत दुरुपयोग भइरहेको छ । बजेटले अधुरा परियोजना पूरा गर्ने स्पष्ट प्राथमिकता दिनुपर्ने देखिन्छ । यसपटकको बजेटप्रति जनताको मूल अपेक्षा ठूलो अंकको खर्चमात्रै होइन, व्यवहारिक सुधार पनि हो । आर्थिक राहत, रोजगारी सिर्जना, मूल्य नियन्त्रण र स्थिर नीति नै यसको सफलता मापन गर्ने आधार हुनेछ । यदि बजेटले जनताको दैनिक जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्यो भनेमात्र यसलाई सफल र जनमुखी बजेट भन्न सकिन्छ । अन्यथा, यो पनि विगतका कागजी आश्वासनजस्तै सीमित रहने जोखिम रहन्छ ।

**डिजिटल अर्थतन्त्र र हरित विकास**

नेपाल सरकारले शुक्रबार (आज) प्रस्तुत गर्न लागेको आगामी आर्थिक वर्षको बजेटप्रति आमसरोकारवालाका ध्यान परम्परागत विकास कार्यक्रमसँगै नयाँ आर्थिक संरचनातर्फको दिशाकेन्द्रित छ । विशेषगरी डिजिटल अर्थतन्त्र र हरित विकास आजको विश्वव्यापी आर्थिक बहसका केन्द्रबिन्दु हुन् । नेपालजस्तो विकासोन्मुख देशका लागि यी दुई क्षेत्र विकल्पसँगै भविष्य निर्माणका आधारस्तम्भसमेत हुन् । यस वर्षको बजेटले यी विषयलाई कति गहिराइमा समेट्छ ? भन्ने देशको दीर्घकालीन आर्थिक दिशा निर्धारणमा निर्णायक हुने देखिन्छ । 'डिजिटल अर्थतन्त्र' भन्नाले सूचना प्रविधि, इन्टरनेट, मोबाइल सेवा, कृत्रिम बुद्धिमत्ता, डिजिटल भुक्तानी प्रणाली, ई-कमर्स तथा डाटा-आधारित सेवा उद्योगलाई समेट्ने व्यापक अवधारणा हो । नेपालमा पछिल्ला वर्ष मोबाइल बैंकिङ, क्युआर भुक्तानी, अनलाइन सेवा र ई-गभर्नेन्स विस्तार हुँदै गएको छ । तर, यी विकास अझै प्रारम्भिक चरणमै छन् । बजेटले यदि डिजिटल पूर्वाधारलाई राष्ट्रिय प्राथमिकतामा राख्न सक्यो भने अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउन सकिन्छ । सबैभन्दा पहिले डिजिटल पहुँच विस्तार आवश्यक छ । देशका धेरै ग्रामीण क्षेत्रमा अझै पनि भरपर्दो इन्टरनेट सेवा उपलब्ध छैन । डिजिटल अर्थतन्त्रको आधार नै 'कनेक्टिभिटी' हो । त्यसैले बजेटले ग्रामीण इन्टरनेट पूर्वाधार, फाइबर नेटवर्क विस्तार र 'फाइभजी' प्रविधि परीक्षण तथा विस्तारमा लगानी बढाउनुपर्ने देखिन्छ । यसले शिक्षा, स्वास्थ्य, बैंकिङ र सरकारी सेवामा पहुँच सहज बनाउने छ ।

त्यसैगरी, डिजिटल भुक्तानी प्रणाली अझ सुरक्षित र व्यापक बनाउनुपर्ने आवश्यकता छ । हाल नेपालमा मोबाइल बैंकिङ र डिजिटल वालेट प्रयोग बढिरहे पनि साइबर सुरक्षा, डिजिटल साक्षरता र प्रणालीगत एकीकरण अझै कमजोर छ । बजेटले साइबर सुरक्षा पूर्वाधार निर्माण, डिजिटल साक्षरता अभियान र वित्तीय प्रविधि क्षेत्रलाई प्रोत्साहन गर्ने नीति ल्याउन सकेमात्र डिजिटल अर्थतन्त्र विश्वासिलो बन्न सक्छ । 'स्टार्टअप' र नवप्रवर्तन पनि डिजिटल अर्थतन्त्रको महत्वपूर्ण हिस्सा हुन् । युवामा उद्यमशीलता बढ्दै गएको छ, तर पूँजी, प्रविधि र बजार पहुँच अभावले धेरै 'स्टार्टअप' अघि बढ्न सकेका छैनन् । बजेटले 'स्टार्टअप फन्ड', सहुलियत ऋण, कर छुट र 'इन्क्युबेसन सेन्टर' विस्तारमार्फत नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता छ । यदि यस्तो वातावरण सिर्जना भयो भने नेपालले आईटी सेवा निर्यातमार्फत वैदेशिक मुद्रा आर्जन गर्नसक्ने सम्भावना प्रबल छ ।

'ई-गभर्नेन्स' पनि डिजिटल अर्थतन्त्रको अर्को महत्वपूर्ण पक्ष हो । सरकारी सेवा अझै पनि कागजी प्रक्रिया र ढिलासुस्तीमा निर्भर छ । बजेटले सबै सरकारी सेवालाई क्रमश: डिजिटल प्रणालीमा रूपान्तरण गर्ने स्पष्ट रोडम्याप प्रस्तुत गर्नुपर्छ । यसले भ्रष्टाचार घटाउन, पारदर्शिता बढाउन र सेवा प्रवाह छिटो बनाउन मद्दत गर्नेछ । अर्को महत्वपूर्ण विषय हो- हरित विकास । जलवायु परिवर्तनको असर नेपालमा स्पष्टरूपमा देखिन थालेको छ । हिमाल पग्लने, बाढीपहिरो बढ्ने, अनियमित वर्षा र कृषि उत्पादनमा अस्थिरताजस्ता समस्या गम्भीर बन्दै गएका छन् । यस्तो अवस्थामा आर्थिक विकाससँगै वातावरणीय सन्तुलन कायम राख्नु अनिवार्य छ ।

हरित विकासको मुख्य उद्देश्य वातावरणमैत्री आर्थिक गतिविधि प्रवर्धन गर्नु हो । यसअन्तर्गत जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा, इलेक्ट्रिक सवारीसाधन र दिगो कृषि प्रणाली प्रमुख क्षेत्र हुन् । नेपालसँग जलविद्युत उत्पादनको ठूलो सम्भावना भए पनि अझै पर्याप्त उपयोग हुन सकेको छैन । बजेटले निजी क्षेत्रको सहभागिता बढाएर जलविद्युत् उत्पादन र वितरणलाई तीव्रता दिनुपर्ने देखिन्छ । सौर्य ऊर्जा ग्रामीण क्षेत्रमा विशेष उपयोगी हुन सक्छ । दुर्गम बस्तीमा राष्ट्रिय ग्रिड पुऱ्याउन कठिन हुने भएकाले सौर्य प्रणाली प्रभावकारी विकल्प हो । बजेटले सौर्य ऊर्जा उपकरणमा अनुदान र कर छुट दिएमा यसको प्रयोग बढ्न सक्छ । इलेक्ट्रिक सवारीसाधन पनि हरित अर्थतन्त्रको महत्वपूर्ण पाटो हो । काठमाडौंलगायत सहरी क्षेत्रमा 'ईभी' प्रयोग बढिरहेको छ, तर पूर्वाधार (चार्जिङ स्टेसन) अझै अपर्याप्त छ । बजेटले चार्जिङ पूर्वाधार विस्तार, ईभी आयातमा नीति स्थिरता र स्थानीय उत्पादन सम्भावनामा ध्यान दिनुपर्ने देखिन्छ । यसले इन्धन आयात घटाएर व्यापार घाटा कम गर्न मद्दत गर्न सक्छ ।

हरित विकासको अर्को पक्ष दिगो कृषि हो । रासायनिक मल र विषादी अत्यधिक प्रयोगले माटो र वातावरणमा असर पारेको छ । बजेटले जैविक कृषि प्रवर्धन, सिँचाइ सुधार र जलवायुअनुकूल खेती प्रणालीलाई प्राथमिकता दिनुपर्ने आवश्यक छ । तर, यी सबै योजना घोषणामै सीमित भए भने डिजिटल र हरित विकास शब्दजालमात्रै बन्न सक्छन् । नेपालमा नीति कार्यान्वयन कमजोरी लामो समयदेखि प्रमुख समस्या रहँदै आएको छ । त्यसैले बजेटले स्पष्ट अनुगमन प्रणाली, परिणाम-आधारित मूल्यांकन र जिम्मेवारी निर्धारण गर्नुपर्ने अत्यन्त जरुरी छ । डिजिटल अर्थतन्त्र र हरित विकास नयाँ शब्द होइनन्, यी नेपाललाई आधुनिक, आत्मनिर्भर र दिगो अर्थतन्त्रतर्फ लैजाने आधार हुन् । यदि बजेटले यी क्षेत्रमा दीर्घकालीन दृष्टिकोण, पर्याप्त लगानी र कार्यान्वयन क्षमता देखाउन सक्यो भने नेपाल नयाँ आर्थिक युगमा प्रवेश गर्न सक्छ । अन्यथा, यी अवधारणा पनि विगतका अन्य योजनाजस्तै 'कागजी' बन्ने खतरा छ ।

**बजेटको आकार ठूलो कि सन्तुलित ?**

आगामी आर्थिक वर्षको बजेटलाई लिएर सबैभन्दा बढी उठ्ने प्रश्नमध्ये 'यसको आकार कस्तो हुनेछ ?' भन्ने हो । ठूलो बजेटले आकांक्षा र विकास गति देखाउँछ भने सन्तुलित बजेटले यथार्थवाद र आर्थिक स्थायित्वलाई प्राथमिकता दिन्छ । यही द्विविधाबीच नीति निर्माता र सरोकारवालाको बहस केन्द्रित हुने गर्छ । तर, वास्तविक प्रश्न 'ठूलो कि सानो ?' होइन, 'कार्यान्वयन गर्न सकिने कि नसकिने ?' भन्ने हो । नेपालको आर्थिक संरचना हेर्दा बजेटको आकार प्राय: राजस्व संकलन, वैदेशिक सहायता, आन्तरिक ऋण र खर्च क्षमतामा निर्भर हुन्छ । विगतका अनुभवले देखाएको छ कि धेरै ठूलो आकारको बजेट प्रस्तुत भए पनि त्यसको ठूलो हिस्सा खर्च हुन नसकेको अवस्था बारम्बार दोहोरिएको छ । यस्तो अवस्थामा बजेट कागजमा ठूलो देखिए पनि वास्तविक अर्थतन्त्रमा त्यसको प्रभाव सीमित हुन्छ । त्यसैले अहिलेको आवश्यकता अंकको प्रतिस्पर्धासँगै कार्यान्वयन क्षमता सुधार हो ।

ठूलो बजेटको पक्षमा तर्क गर्नेले विकास गति बढाउन ठूलो लगानी आवश्यक छ । पूर्वाधार विकास, ऊर्जा परियोजना, शिक्षा, स्वास्थ्य र डिजिटल पूर्वाधारजस्ता क्षेत्रमा ठूलो पूँजी लगानीबिना तीव्र विकास सम्भव छैन । विशेषगरी नेपालजस्तो विकासोन्मुख देशमा सडक, पुल, सिँचाइ र सहरी पूर्वाधार अझै पर्याप्तरूपमा विस्तार नभएकाले ठूलो बजेटले यी क्षेत्रमा तीव्र प्रगति ल्याउन सक्छ भन्ने अपेक्षा राखिन्छ । तर, यसको अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । ठूलो बजेटको मुख्य चुनौती स्रोत सुनिश्चितता हो । यदि अनुमानित राजस्व संकलन पूरा हुन सकेन भने बजेट घाटा बढ्छ, जसले अर्थतन्त्रमा ऋणको भार बढाउँछ । आन्तरिक ऋण अत्यधिक बढ्दा निजी लगानीमा दबाब पर्छ र ब्याजदरमा अस्थिरता आउन सक्छ ।

नेपालको विगतको अनुभवले पनि बजेट कार्यान्वयन कमजोर रहेको देखाउँछ । हरेक वर्ष पुँजीगत खर्च अपेक्षितस्तरमा पुग्न नसकेको तथ्य स्पष्ट छ । योजना बन्ने तर समयमै ठेक्का नलाग्ने, बजेट विनियोजन भए पनि काम सुरु नहुने र परियोजना वर्षौंसम्म अधुरो रहने समस्या दोहोरिरहन्छन् । यस्तो अवस्थामा बजेटको आकार ठूलो भए पनि त्यसले अपेक्षित परिणाम दिन सक्दैन । यसैले सन्तुलित बजेटको पक्षमा तर्क गर्ने यथार्थपरक अनुमान र कार्यान्वयन क्षमतामा आधारित बजेटलाई जोड दिन्छन् । उनीहरूका विचारमा बजेट त्यति नै ठूलो हुनुपर्छ, जति सरकारले प्रभावकारीरूपमा खर्च गर्न सक्छ । स्रोत सुनिश्चितता, परियोजना तयारी, प्रशासनिक क्षमता र निगरानी प्रणाली बलियो नभएसम्म ठूलो बजेट आकांक्षाको सूचीमात्रै बन्ने जोखिम रहन्छ । सन्तुलित बजेटको अर्को फाइदा वित्तीय स्थिरता हो । जब बजेट आय र खर्चबीच सन्तुलनमा आधारित हुन्छ, तब अर्थतन्त्रमा अनावश्यक दबाब पर्दैन ।

## दललाई अनुदान: भ्रष्टाचार नियन्त्रणमा सहयोगी



◆ अर्जुन नरसिंह केसी

नेपाली कांग्रेसका सांसद अर्जुन नरसिंह केसीले बजेटमा समेटिएको राजनीतिक दलहरूलाई प्राप्त मतको आधारमा राज्यले अनुदान दिने व्यवस्थाको स्वागत गरेका छन्। यसले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने उनको विश्वास छ । उनले भने, "राजनीतिक दलहरूलाई जनताबाट प्राप्त मतदानको आधारमा राज्यले अनुदान दिने कुरा सकारात्मक छ। यसले धेरै हदसम्म भ्रष्टाचार नियन्त्रण गर्न सक्छ। यो विषयमा मैले धेरै अघिदेखि लेखहरू लेख्दै आएको थिएँ र संसद्मा पनि आवाज उठाएको थिएँ, यसलाई मैले राम्रो बुँदाको रूपमा लिएको छु ।" केसीले सरकारले उच्च शिक्षाको क्षेत्रमा केवल विश्वविद्यालयको सङ्ख्या बढाउने नीति लिएकोमा भने असन्तुष्टि व्यक्त गरेका छन्। आगामी आर्थिक वर्षको बजेटमाथि आफ्नो धारणा राख्दै नेता केसीले नयाँ विश्वविद्यालय थप्नुभन्दा भएकालाई गुणस्तरीय बनाउनु पर्नेमा जोड दिए । समग्रमा बजेट महत्वाकाङ्क्षी देखिएकाले यसको सफल कार्यान्वयनका लागि सरकारले संस्थागत क्षमता र स्रोतको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने उनको सुझाव छ ।

**सामाजिक सञ्जाल**

## बजेटले नागरिकहरुलाई छुएन

◆ प्रकाशशरण महत



पुर्वअर्थमन्त्री समेत रहेका नेपाली कांग्रेसका नेता प्रकाशशरण महतले बालेन शाह नेतृत्वको सरकारले सार्वजनिक गरेको बजेटले नागरिकहरुलाई छुन नसकेको टिप्पणी गरेका छन् । ठुलो आकारको बजेट देखाएर र कर्मचारीहरुको तलब बृद्धिको बहानामा अब सरकराले मंहगी बढाउने पनि महतले जिकिर गरेका छन् ।

## प्रतिबद्धता बिपरित बजेट

◆ वर्षमान पुन



पूर्वअर्थमन्त्री वर्षमान पुनले रास्वपा नेतृत्वको सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटबारे आफ्नो धारणा सार्वजनिक गरेका छन् । उनले सरकारले आफ्नो प्रतिबद्धता बिपरित बजेट ल्याएको धारणा सार्वजनिक गरेका हुन् ।

पुनले आकारमा ठुलो भएपनि यो वास्तविक बजेट नभएको दाबी समेत गरेका छन् । योजना आयोगले २० खर्ब वरिपरीको सिलिङ तोकेपनि त्यसमा डेढ खर्ब बढाएर बजेट ल्याएको पुनले बताए ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
✍ प्रचिन विष्ट
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ ।
किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।




सम्पर्क नम्बर : ९८४४६८०४९९

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९९८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



## आ. व. २०८३/८४ को बजेट

# केमा प्राथमिकता ?

सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गर्दै पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ। संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा कुल विनियोजनमध्ये १२ खर्ब ७० अर्ब ५८ करोड रुपैयाँ अर्थात् ५९.८ प्रतिशत चालु खर्चका लागि छुट्याइएको छ। बाँकी रकम पुँजीगत तथा वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको छ।

सरकारले आगामी वर्षको बजेटमार्फत सडक, ऊर्जा, सिँचाइ, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाजस्ता आधारभूत क्षेत्रका कार्यक्रमलाई प्राथमिकता दिएको छ भने सूचना प्रविधि, नवप्रवर्तन र निजी क्षेत्रको सहभागिता विस्तार गर्ने नयाँ कार्यक्रमसमेत अघि सारेको छ।

**सडक पूर्वाधारमा उच्च लगानी**

बजेटमा सबैभन्दा ठूलो प्राथमिकता सडक तथा सहरी पूर्वाधार विकासलाई दिइएको छ। यस क्षेत्रका लागि कुल २ खर्ब ८६ अर्ब ४८ करोड रुपैयाँ विनियोजन गरिएको छ। राष्ट्रिय गौरवका सडक आयोजनामध्ये पूर्व-पश्चिम राजमार्गका लागि ३७ अर्ब ४६ करोड रुपैयाँ छुट्याइएको छ भने तराई-मधेस द्रुतमार्गका लागि १७ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिएको छ।

हुलाकी राजमार्गका लागि ४ अर्ब ६५ करोड, कर्णाली राजमार्गका लागि १ अर्ब, पुष्पलाल मध्यपहाडी लोकमार्गका लागि २ अर्ब १६ करोड तथा मदन भण्डारी राजमार्गका लागि १ अर्ब ४६ करोड रुपैयाँ विनियोजन गरिएको छ। पृथ्वी राजमार्ग स्तरोन्नतिका लागि ६ अर्ब ५५ करोड रुपैयाँ छुट्याइएको छ।

त्यसैगरी राष्ट्रिय राजमार्ग, रणनीतिक सडक पुल र स्थानीय सडक पुल निर्माणका लागि ९ अर्ब ८७ करोड रुपैयाँ विनियोजन गरिएको छ। सडक मर्मतसम्भारलाई विशेष अभियानका रूपमा सञ्चालन गर्न २८ अर्ब ५२ करोड तथा पहिरो व्यवस्थापनका लागि ३ अर्ब १७ करोड रुपैयाँ छुट्याइएको छ। सडक सुरक्षाका कार्यक्रमका लागि २ अर्ब ४६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

**सहरी विकास र खानेपानीमा जोड**

सरकारले पहिचानयुक्त सहर निर्माण कार्यक्रमलाई निरन्तरता दिँदै जग्गा विकास तथा पूर्वाधार निर्माणका लागि १ अर्ब ८३ करोड रुपैयाँ विनियोजन गरेको छ। प्रमुख सहरहरूमा हरियाली प्रवर्द्धन गर्न ४ अर्ब १९ करो[...] तथा झोलुङ्गे पु[...] निर्माणका लागि [...] अर्ब १४ करो[...] रुपैयाँ छुट्याइएक[...] छ।

खानेपान[...] तथा सरसफा[...] क्षेत्रमा ३७ अर्ब १[...] करोड रुपैय[...] विनियोज[...] गरिएको छ[...] तराई-मधेसक[...] अधुरा खानेपान[...] आयोजना सम्पन[...] गर्न २ अर्ब ५[...] करोड तथ[...] काठमाडौ[...] उपत्यकामा पाइ[...] सञ्जा[...] विस्तारका लागि [...] अर्ब २६ करोड रुपैयाँ बजेट राखिएको छ। प्रमुख सहरहरूमा खानेपानी तथा ढल निर्माण र प्रशोधन कार्यक्रमका लागि २ अर्ब ३४ करोड तथा काठमाडौंमा फोहोर पानी प्रशोधन केन्द्र निर्माण गर्न ३ अर्ब ४६ करोड रुपैयाँ विनियोजन गरिएको छ।




**ऊर्जा क्षेत्रमा ८५ अर्बभन्दा बढी**

ऊर्जा उत्पादन, प्रसारण तथा वितरण प्रणाली विस्तारका लागि सरकारले ८५ अर्ब ५४ करोड रुपैयाँ विनियोजन गरेको छ। प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि मात्रै ७० अर्ब रुपैयाँ छुट्याइएको छ। ऊर्जा क्षेत्रलाई आर्थिक विकासको आधारका रूपमा अगाडि बढाउँदै निजी क्षेत्रको सहभागिता बढाउने नीति पनि बजेटले लिएको छ।

**सिँचाइ र कृषि क्षेत्रलाई प्राथमिकता**

कृषि तथा पशुपन्छी विकास क्षेत्रका लागि ४६ अर्ब ९२ करोड रुपैयाँ विनियोजन गरिएको छ। रासायनिक मल खरिदका लागि ३२ अर्ब ४६ करोड रुपैयाँ छुट्याइएको छ, जुन कृषि क्षेत्रकै सबैभन्दा ठूलो विनियोजनमध्ये एक हो।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका लागि २ अर्ब ७ करोड, कृषि बीमा प्रिमियम अनुदानका लागि २ अर्ब १९ करोड तथा प्राङ्गारिक र हरियो मल प्रवर्द्धनका लागि ३६ करोड रुपैयाँ विनियोजन गरिएको छ। खोरेतलगायत पशुरोग नियन्त्रणका लागि २४ करोड रुपैयाँ छुट्याइएको छ।

सिँचाइतर्फ राजापुर सिँचाइ तथा भेरी-बबई डाइभर्सन आयोजनाका लागि ५ अर्ब ६३ करोड, महाकाली सिँचाइ तथा रानी-जमरा-कुलरिया आयोजनाका लागि ५ अर्ब १३ करोड, सुनकोशी-मरिन डाइभर्सन आयोजनाका लागि २ अर्ब ९८ करोड तथा सिक्टा सिँचाइ आयोजनाका लागि २ अर्ब ५५ करोड रुपैयाँ विनियोजन गरिएको छ।

तराई-मधेस क्षेत्रमा भूमिगत सिँचाइ सुविधा विस्तार गर्न १ अर्ब ८३ करोड, टार क्षेत्रमा लिफ्ट सिँचाइका लागि ८० करोड तथा सिँचाइ प्रणाली मर्मतका लागि ४४ करोड रुपैयाँ बजेट छुट्याइएको छ।

**शिक्षा क्षेत्र दोस्रो ठूलो प्राथमिकतामा**

शिक्षा क्षेत्रका लागि २ खर्ब १८ अर्ब ३० करोड रुपैयाँ विनियोजन गरिएको छ, जुन मन्त्रालयगत हिसाबले दोस्रो ठूलो बजेट हो। विद्यालय शिक्षा सुधार, प्राविधिक शिक्षा विस्तार, डिजिटल शिक्षण प्रणाली तथा उच्च शिक्षाको गुणस्तर सुधारमा बजेट केन्द्रित छ।

विद्यार्थी छात्रवृत्तिका लागि ८ अर्ब ६० करोड रुपैयाँ छुट्याइएको छ भने सामुदायिक विद्यालयको पूर्वाधार म्यापिङ कार्यक्रम सञ्चालन गरिने भएको छ। शिक्षा क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग र विद्यालय पूर्वाधार सुधारलाई सरकारले प्राथमिकतामा राखेको छ।

**स्वास्थ्य क्षेत्रमा १ खर्बभन्दा बढी**

सरकारले स्वास्थ्य क्षेत्रमा १ खर्ब १ अर्ब ९५ करोड रुपैयाँ विनियोजन गरेको छ। नागरिक स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रमका लागि १३ अर्ब १५ करोड तथा आधारभूत अस्पताल सञ्चालन र पूर्वाधार निर्माणका लागि ५ अर्ब ९० करोड रुपैयाँ छुट्याइएको छ।

बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका लागि ३२ करोड रुपैयाँ पुँजीगत अनुदान विनियोजन गरिएको छ। मधेस प्रदेशमा मिर्गौला उपचार तथा ट्रमा सेन्टर स्थापना गर्ने कार्यक्रम पनि बजेटमा समावेश गरिएको छ। निःशुल्क वितरण हुने २५ प्रकारका औषधि स्वदेशमै उत्पादन गर्ने योजना पनि सरकारले अघि सारेको छ।

**सामाजिक सुरक्षामा १ खर्ब २० अर्ब**




सामाजिक सुरक्षातर्फ सरकारले १ खर्ब २० अर्ब रुपैयाँ विनियोजन गरेको छ। दलित समुदायका बालबालिकाको पोषण सहायताका लागि ३ अर्ब रुपैयाँ छुट्याइएको छ। महिला, बालबालिका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी कार्यक्रमका लागि २ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरिएको छ।

सामाजिक सुरक्षा भत्तालाई थप प्रभावकारी बनाउन 'सक्नेले छोडौं, नसक्नेले जोडौं' भन्ने अभियानसमेत बजेटमा समावेश गरिएको छ।

**उद्योग, सूचना प्रविधि र नवप्रवर्तनमा नयाँ जोड**

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका लागि ८ अर्ब ३१ करोड रुपैयाँ विनियोजन गरिएको छ। उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि १ अर्ब १८ करोड तथा औद्योगिक पूर्वाधार विकासका लागि ६५ करोड रुपैयाँ छुट्याइएको छ।

सूचना तथा सञ्चार क्षेत्रका लागि ५ अर्ब ९३ करोड रुपैयाँ तथा विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि ४ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। नेपाल इन्टरप्राइज फसिलिटीका लागि ५० करोड रुपैयाँ छुट्याइएको छ।

सरकारले स्युचाटारमा 'एआई कम्प्युट' क्षेत्र स्थापना गर्ने, सूचना प्रविधिको विस्तारलाई प्राथमिकता दिने तथा नेपाललाई 'टेक हब'का रूपमा विकास गर्ने लक्ष्य लिएको छ। 'एक नागरिक-एक डिजिटल प्रोफाइल' कार्यक्रम पनि बजेटमा समेटिएको छ।

**पर्यटन, संस्कृति र खेलकुद**

संस्कृति तथा पर्यटन क्षेत्रका लागि ७ अर्ब ३४ करोड रुपैयाँ विनियोजन गरिएको छ। बृहत् लुम्बिनी विकास कार्यक्रमका लागि ८३ करोड रुपैयाँ छुट्याइएको छ। नागरिक उड्डयन क्षेत्रका लागि २ अर्ब ९३ करोड तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नतिका लागि १ अर्ब ५३ करोड रुपैयाँ विनियोजन गरिएको छ।

खेलकुद क्षेत्रका लागि ४ अर्ब ३ करोड रुपैयाँ बजेट छुट्याइएको छ। अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई आजीवन निःशुल्क स्वास्थ्योपचार उपलब्ध गराउने घोषणा पनि बजेटमा गरिएको छ।

**मन्त्रालयगत बजेटमा पूर्वाधार मन्त्रालय अगाडि**

मन्त्रालयगत बजेट विवरणअनुसार पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी ३ खर्ब २ अर्ब ८३ करोड रुपैयाँ प्राप्त गरेको छ। शिक्षा तथा खेलकुद मन्त्रालयले २ खर्ब १८ अर्ब ३० करोड रुपैयाँ पाएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका लागि १ खर्ब १४ अर्ब २ करोड, महिला, बालबालिका तथा सामाजिक विकास मन्त्रालयका लागि १ खर्ब २२ अर्ब ६१ करोड तथा गृह मन्त्रालयका लागि १ खर्ब ८ अर्ब ३२ करोड रुपैयाँ विनियोजन गरिएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता क्षेत्रका लागि ९६ अर्ब ४३ करोड, कृषि तथा वन वातावरण क्षेत्रका लागि ७३ अर्ब १२ करोड तथा रक्षा मन्त्रालयका लागि ६४ अर्ब ९६ करोड रुपैयाँ बजेट छुट्याइएको छ। सबैभन्दा कम बजेट कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले ५८ करोड रुपैयाँ प्राप्त गरेको छ।

**नयाँ नारा र कार्यक्रम**

यस वर्षको बजेटले केही नयाँ अवधारणा र कार्यक्रम पनि अघि सारेको छ। 'एआई फ्याक्ट्री', 'मातृभूमि कोष', 'अश्वर बन्ड', 'नेपाल टेक हब', 'डिजिटल टाइम कार्ड', 'राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी' तथा 'विशेष आर्थिक प्रशासन केन्द्र' जस्ता कार्यक्रम बजेटमा समेटिएका छन्।

त्यस्तै, धुलो र खाल्डामुक्त काठमाडौं अभियान, कालीगण्डकीमा शालिग्राम पथ निर्माण, डाँफे रुट विकास, किसान केन्द्रित सेवा प्रणाली, भूमिहीन सुकुमवासी व्यवस्थापन तथा डायस्पोरालाई आर्थिक विकासमा परिचालन गर्नेकार्यक्रमहरू पनि बजेटका आकर्षक पक्षका रूपमा रहेका छन्।

समग्रमा, आर्थिक वर्ष २०८३/८४ को बजेटले पूर्वाधार विकास, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र ऊर्जा क्षेत्रमा ठूलो लगानी गर्दै आर्थिक गतिविधि विस्तार, रोजगारी सिर्जना र निजी क्षेत्रको सहभागिता बढाउने लक्ष्य लिएको देखिन्छ। बजेट कार्यान्वयन प्रभावकारी हुन सकेमा आर्थिक वृद्धि, उत्पादन वृद्धि तथा सेवा प्रवाहमा सकारात्मक परिणाम हासिल हुने अपेक्षा गरिएको छ।

---

**विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व**

## बंकिमचन्द्र चटर्जी

◆ सुमित्रा सिंह



**भारत ः राष्ट्र गीतका प्रणेता**
**जन्म ः सन् १८३८ मृत्युः सन् १८५४**

वन्दे मातरम्को माध्यमबाट राष्ट्रिय जागृति ल्याउने बंकिम २० वर्षको उमेरमा डिप्ली कलेक्टर बनेका थिए । उनले कानुनको शिक्षा प्राप्त गरे । उनलाई मेजिस्ट्रेटको पदसम्म पुर्‍याउने अवसर पनि मिल्यो । उनको प्रवृत्ति प्रारम्भदेखि नै साहित्य तर्फ थियो । बिस्तारै-बिस्तारै उनी लेखक बने। 'आनन्दमठ' (१८८२) को अतिरिक्त उनले 'कृष्णचरित्र', 'दुर्गेशनन्दिनी', 'देवी चौधरानी' आदि उपन्यासहरूको रचना गरे ।

राष्ट्रिय गीतका अमर रचनाकार बंकिमचन्द्र चटर्जीको जन्म २७ जून, १८३८ मा कुन्तलपाडा (प. बंगाल) को एक सामान्य तर विद्वान परिवारमा भएको थियो । मिदनापुर मा उनको प्रारम्भिक शिक्षा भयो । खेलकुद एवं साहित्यमा 'उनको विशेष रूचि थियो । १८५६ मा उनले कलकत्ता प्रेसिडेन्सीमा शिक्षा लिए । पत्नीको मृत्यु भएको कारणले उनले दोस्रो विवाह गर्नु परेको थियो । उनलाई बंगला भाषाको मूर्धन्य साहित्यकार मानिन्छ, ५६ वर्षको उमेरमा उनको देहान्त भयो ।

बंकिमका रचनाहरूमा राष्ट्रियता एवं भारतीय संस्कृतिको स्पष्ट छाप छ । 'आनन्दमठ' मा उनले 'वन्देमातरम' नामक जुन गीत लेखे, त्यो राष्ट्रिय जागृति ल्याउने महत्त्वपूर्ण आधार बन्यो । 'वन्दे मातरम' को कारणले उनी भारतीय राष्ट्रिय इतिहासमा अमर भए ।

---

# कृषि पशुपालन क्षेत्रमा सकारात्मक संकेत : कार्यान्वयनमा चुनौति : दाहाल

नेपाल डेरी एसोसिएसनका अध्यक्ष तथा कृषि अभियन्ता प्रल्हाद दाहालले आगामी आर्थिक वर्षको बजेटले कृषि, पशुपालन तथा दुग्ध क्षेत्रलाई केही हदसम्म प्राथमिकतामा राखेको देखिए पनि अपेक्षित विस्तार भने अझै हुन नसकेको बताएका छन्।

उनका अनुसार व्यवसायिक कृषि, ठूला डेरी फार्म, पशुपालन तथा दुग्ध प्रशोधन उद्योगलाई प्रोत्साहन गर्ने उद्देश्यले ल्याइएका कार्यक्रमहरू सकारात्मक भए पनि बजेटको संरचना र आकारसँग तुलना गर्दा कृषि क्षेत्रको हिस्सा अझै सीमित रहेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि ४६ अर्ब ९२ करोड रुपैयाँ विनियोजन गरिएको भए पनि करिब ३२ अर्ब रुपैयाँ रासायनिक मल खरिदमै खर्च हुने भएकाले विकासतर्फको बजेट निकै न्यून भएको उनको टिप्पणी छ। 'नारा धेरै, बजेट कम' भएको भन्दै उनले कृषि क्षेत्रले अपेक्षा गरेअनुसारको ठूलो विस्तार नपाएको बताए।

दाहालका अनुसार न्यूनतम २ करोड रुपैयाँ लगानी गर्ने कृषक वा कृषि उद्यमीलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने व्यवस्था डेरी तथा पशुपालन क्षेत्रका लागि महत्वपूर्ण घोषणा हो। यसले आधुनिक डेरी फार्म, गाई-भैंसी पालन, दुग्ध प्रशोधन उद्योग तथा चिस्यान केन्द्र स्थापनामा निजी क्षेत्रको आकर्षण बढाउने अपेक्षा गरिएको छ । तर उनले अनुदानको कार्यविधि सहज, पारदर्शी र वास्तविक किसानमैत्री हुनुपर्नेमा जोड दिएका छन्। अनुदान सानो तथा मझौला किसानसम्म पुग्नुपर्ने भन्दै लगानी सीमा अझै घटाउन सके समावेशिता बढ्ने उनको सुझाव छ ।

त्यस्तै, कृषि बाली तथा पशुधन बीमामा ८० प्रतिशत अनुदान दिने व्यवस्था किसानका लागि अत्यन्त सकारात्मक भएको उनले बताएका छन्। पशुपालन क्षेत्रमा रोग, महामारी र प्राकृतिक विपत्तिको जोखिम उच्च हुने भएकाले बीमा विस्तारले किसानलाई सुरक्षा दिने विश्वास उनले व्यक्त गरे ।



बजेटमा प्रस्तावित 'मध्य(मधेस चतुर्भुज विकास' कार्यक्रम, कृषि उत्पादन क्षेत्रलाई सडक सञ्जालसँग जोड्ने योजना तथा कृषि उद्योग प्रवर्द्धनका पहलहरू पनि सकारात्मक रहेको उनको भनाइ छ। यी योजनाले दुग्ध उत्पादन, संकलन र बजारीकरण प्रणालीलाई दीर्घकालीन रूपमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

सरकारले घोषणा गरेको 'लगानी एक्सप्रेस' र 'सिङ्गल रुट प्रणाली' प्रभावकारी रूपमा कार्यान्वयन भए कृषि तथा डेरी उद्योग खोल्ने प्रक्रियामा रहेको झन्झट कम हुने र निजी लगानी आकर्षित हुने दाहालले बताए।तर उनले विगतका अनुभव स्मरण गर्दै कार्यान्वयन पक्ष नै प्रमुख चुनौती रहेको औंल्याएका छन्। किसानले समयमा भुक्तानी नपाउने, अनुदान प्रक्रिया जटिल हुने तथा बीमाको दाबी ढिलाइ हुने समस्या अझै कायम रहेको भन्दै उनले बजेटको सफलता व्यवहारिक कार्यान्वयनमा निर्भर रहने स्पष्ट पारे ।

समग्रमा बजेटले कृषि, पशुपालन र डेरी क्षेत्रलाई व्यवसायिक र उद्योगमुखी बनाउने संकेत दिएको भए पनि अब सरकार, किसान र निजी क्षेत्रबीच सहकार्य बढाएर परिणाममुखी कार्यान्वयन आवश्यक रहेको उनको निष्कर्ष छ ।

---

# घरेलु उद्योगलाई प्रतिष्पर्धी बनाउने आधार तयार

दमक । घरेलु तथा साना उद्योग महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्रकेशरी घिमिरेले सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले घरेलु तथा साना उद्योगलाई प्रतिस्पर्धी बनाउने आधार तयार गरेको बताएका छन्। अध्यक्ष घिमिरेले बजेटमा भन्सार छुट, कर प्रणालीमा सुधार तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्ने विभिन्न व्यवस्थाले स्वदेशी उत्पादनलाई सस्तो र प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

उनका अनुसार बजेटमार्फत धेरै वस्तुमा अन्तःशुल्क छुट दिइएको छ भने केही क्षेत्रमा करको पुनर्संरचनाले उद्योग व्यवसायलाई सहज बनाउने सङ्केत देखिएको छ ।

"देश निर्माणका लागि घरेलु उद्योगलाई प्रतिस्पर्धी बनाउने प्रयास बजेटमा देखिन्छ, आजका साना उद्योग भोलिका ठुला उद्योग बन्ने आधार यही हो," उनले भने ।

---




आज मिति
२०८३ साल
जेठ १७ गते
आइतबार
31 May. 2027
तिथि: पुर्णिमा



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | धन लाभ । मनमा अशान्ति । भाईबहिनीसँग विवाद । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | लेनदेनबाट लाभ । बोलीले मान्यसँग विवाद । |
| तुला | रा री रु रे रो ता ती तु ते | मान्यजनबाट दुःख, विवाद बढ्ने । अकस्मात धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यवसायबाट लाभ । पिताजीमा कष्ट । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पुरुषार्थद्वारा आयमा वृद्धि । मनमा अशान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | बोलीले शत्रु बढ्ने । कार्यमा सफल । धन लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उत्तम भोजन, धन लाभ । भाईबहिनीसँग विवाद । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा अशान्ति, प्रेमिकासँग विवाद । रोजगारीबाट धन लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | धर्म, कर्ममा खर्च । परिवारको सहयोगले धनलाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कर्मचारी र मित्रसँग विवाद । पराक्रम बढ्ने, आयमा वृद्धि । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पराक्रमले धनलाभ । सन्तान र वाहनमा केही समस्या । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | असल कार्यबाट धन लाभ । आफन्तसँग विवाद । |

# सगरमाथा सहित हिमाल आरोहणमा ७ जनाको मृत्यु



दमक । सन् २०२६ को वसन्त ऋतुमा सगरमाथा सहित विभिन्न हिमाल आरोहणका क्रममा हालसम्म सात जना आरोही तथा पथप्रदर्शकको मृत्यु भएको छ । पर्यटन विभागका अनुसार मृत्यु हुनेमध्ये दुई जना भारतीय नागरिक रहेका छन्। सगरमाथाको सफल आरोहण गरी फर्कने क्रममा भारतीय आरोही अरुणकुमार तिवारी र सन्दीप आरेको ज्यान गएको हो ।

त्यस्तै, खुम्बु आइसफल मार्ग हुँदै पहिलो शिविरतर्फ जाँदै गर्दा फिक्स रुटको एंकर नम्बर २ र ३ को बीचमा ३५ वर्षीय विजय घिमिरेको मृत्यु भएको छ । उनी ट्याग नेपाल प्रालिका माउन्टेन गाइड थिए र सोलुखुम्बुको दुधकुण्ड नगरपालिका-७ का बासिन्दा हुन्। यसैगरी, आधार शिविर नजिकै सेभेन समिट ट्रेक्ससँग आबद्ध ५२ वर्षीय गाइड लाक्पा डेन्डी शेर्पाको बाटोबाट लडेर मृत्यु भएको पुष्टि गरिएको छ । उनी सोलुखुम्बुको सोताङ गाउँपालिका-४ का स्थायी बासिन्दा थिए। साथै, पासाङल्हामु गाउँपालिका-५ का फुरा गेल्जेन शेर्पाको पनि मृत्यु भएको विभागले जनाएको छ ।

मकालु हिमाल आरोहणका क्रममा डेभिड रोबिनेक र जोहानसेन शेलीको क्रमशः मकालु( ३ र मकालु-१ क्षेत्रमा मृत्यु भएको पनि पर्यटन विभागले जानकारी दिएको छ । मृतकहरूको शव व्यवस्थापन भए पनि भारतीय आरोही अरुणकुमार तिवारीको शव भने घटनास्थलमै छाडिने भएको छ । अत्यधिक भौगोलिक कठिनाइ, जोखिम र खर्चका कारण परिवारले शव उद्दार नगर्ने निर्णय गरेको हो ।

भारतीय सञ्चारमाध्यमका अनुसार तिवारीको शव सगरमाथाको हिलारी स्टेप नजिकै रहेको क्षेत्रमा बरफमा पुरिएको अवस्थामा छ । माइनस अत्यधिक चिसो, कठिन भू-भाग र ठूलो उद्धार खर्चका कारण शव भारत लैजान करिब ९० लाख रुपैयाँसम्म लाग्ने अनुमान गरिएको छ । त्यसैले परिवारले धार्मिक आस्था र हिमालप्रतिको उनको प्रेमलाई सम्मान गर्दै शव सगरमाथा क्षेत्रमा नै छाड्ने निर्णय गरेको हो ।

## अन्तर्राष्ट्रिय

### ७२ लाखलाई खाद्यसंकट

एजेन्सी/ संयुक्त राष्ट्रसङ्घले द्वन्द्वग्रस्त दक्षिण सुडानमा ७२ लाखभन्दा धेरै नागरिकलाई तत्काल खाद्यान्न सहयोगको आवश्यकता रहेको जनाएको छ ।

दक्षिण सुडानका लागि डब्लुएफपीका 'कन्ट्री डाइरेक्टर' मुटिन्ता चिमुकाले ७२ लाख नागरिकलाई तत्काल खाद्य सहयोगको आवश्यकता रहेको उल्लेख गरेको समाचार संस्था एएफपीले जनाएको छ । स्थिति गम्भीर रहेको र सहयोग आवश्यकता भएका मानिसको जीवन बचाउन तत्काल ध्यान दिनुपर्नेमा उनको जोड छ । संयुक्त राष्ट्रसङ्घका मानवीय सहायता प्रमुख टम फ्लेचरले गएको महिना पूर्वी अफ्रिकी देश पूर्ण रूपमा भोकमरीको खतरामा पर्ने चेतावनी दिईएको छ । दक्षिण सुडानले सन् २०११ मा सुडानबाट स्वतन्त्रता प्राप्त गरेको थियो तर केही समयपछि नै गृहयुद्धमा फसेको थियो । त्यहाँ चरम गरिबीसँगै भ्रष्टाचार र असुरक्षा बढ्दो छ ।

**सीतापुरीमा...**साकेला सिली सांस्कृतिक विशेष कार्यक्रममा मनोरञ्जनका लागि विभिन्न खेल, तमासादेखि खानपीनका सय बढी स्टलहरु राखिएका थिए । यो ठाउँमा साकेला विशेष कार्यक्रम देशकै ठुलो भएको आयोजकको दावी छ ।

यायोक्खाले पालिका पिछे कार्यक्रम गरिआएको र शनिवार भने जिल्लास्तरिय भव्य कार्यक्रम गरि समापन गरिएको हो । त्यहाँ यायोक्खाले उभौली पर्वमा वर्षेनी समापन कार्यक्रम विशेष उल्लासका साथ मनाउदैं आएको पूर्व जिल्ला अध्यक्ष ईन्द्रमान चाम्लिङले बताए ।

यसैगरी, लिम्बू जातिको कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले इलामको माङ्सेबुङ गाउँपालिकामा 'केलाङ प्रदर्शनी' गरिएको छ । माङ्सेबुङमा रहेको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल गजुरमुखी धाममा आयोजित विशेष कार्यक्रममा जिल्लाभरिका पाँच सयभन्दा बढी च्याब्रुङ एकैसाथ बजाएर ऐतिहासिक प्रदर्शन गरिएको हो ।

कोशी प्रदेशका प्रमुख परशुराम खापुङको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा लिम्बू समुदायका बालबालिकादेखि वृद्ध-वृद्धासम्मले केलाङ (च्याब्रुङ) नाच प्रदर्शन गरेका थिए । कार्यक्रममा जिल्लाका १० वटै स्थानीय तहका छुट्टाछुट्टै च्याब्रुङ टोलीको सहभागिता रहेको थियो । यसैगरी, सबै पालिकाका प्रमुख तथा उपप्रमुखहरूको समेत कार्यक्रममा उपस्थिति थियो ।

## मौसमी हाँस्य-व्यंग्ये

# 'बा भक्त' हरिरामले मातेको सुरमा आज के-के भन्यो ?

-: 'व्यंग्यनारान पाँडे' :-

हालको सरकार बनेको दिनदेखि हो कि केपी ओली पक्रा परेको दिउँसोदेखि हो पाँडेकहाँ नआएको 'हरिराम पुरेत बाजे' नामक मान्छे अस्ति, गणतन्त्र दिवसको बिहानै, अकस्मात कताबाट हो, मातेर झिल्लु अवस्थामा आइपुग्यो । पाइलैपिच्छे खुट्टा एक-आपसमा ठोक्काउँदै र शरीरलाई ढल्नबाट बलैले जोगाउँदै पाँडेकहाँ आएको थियो ऊ !......

हालको सरकार बनेपछि लगत्तै एक बेलुकी ऊ पथरिया कि जलथल कताको हो कुन्नि, कुनै झोडा गाउँको, भू.पू. वनजाँचे हल्दारको घरमा हल्दार्नीले भित्रभित्रै चलाउने गरेकी जाँड पसलमा बङ्गुरका चानासँग तोङ्बा नारेर उही हल्दारसँग कस्सिएर 'पोल्टिस'-को गफेडा लाइरहेको थिएछ । भान्सामा रेडियो बजिरहेको थियो अरे । समाचारको समयमा समाचार आउँदा मात्र उसले केपी ओली पक्रा परेको सुनेको हो अरे । र, झन्नै बहोश भएको अरे ! त्यसको भोलिपल्ट बेहानै फेरि 'मुड अफको ओखति' भन्दै एक बोत्तल डल्लै जङ्गेपानी धोकेपछि बटारिँदै पार्टीको लोकल अड्डामा गएर सोही मुडमा सो पार्टीको 'कमरेड पद'-सँग छोडपत्र गरेछ । तर, अहिले पनि,मातेका बेला, उसले बाटामा भेटेका जो-कोहीसँग, आफूलाई 'भूतपूर्बक कम्रेट'-को साइनो लाएर इज्जत गर्न कडा धम्कीका साथ सुझाउने गर्थ्यो अरे । इत्यादि । भूपू कम्रेट हरिराम आफ्नामा आउन छोडेको अवधिमा पाँडेले यस्ता-यस्ता कुरा चाहिँ पगितै सुन्दै आएको थियो ।...

अतः पाँडे सँधै झैं बसिरहेको बरण्डाको दुईवटै रेलिङ बलियो समाएर मरीतरी लर्खराउँदै उक्लिँदादेखि नै ऊ बर्बराउन थाल्यो-.... "जे भा'नि आफ्नो सओदर भूतपूर्वक पाटीका सओदर 'बा' हुन् नि मेरा, म जिम्दै छँदाछँदै उन्का बारेमा जे पा' तेइ लेख्न पाइँछ ? हामेरको नेपालका अक्बार-मेडिआका पत्रिका छाप्ने लाइसिन छ भन्दैमा आदर्निए-ढोगनिए, तीन्चारखेप देशकै मुख्खे कार्बारी र जिम्मावाल प्राइमिस्टर भइसक्या जैसा बेक्तित्तोलाई भँरभनेदेखुन् मुनपरी लेख्न पाइँछ ? पाइँछ भनेर चइँ काँ लेख्या छ ? मेडिआ भएँ भन्दैमा साँढे हुन पाइँछ ? बीउ राँगो भ्याइँ बटारिन पाइँछ र हओ पाँडेजी ?...म चइँ सिड्यो थैं भने नि ? बुजेउ कि बुजेनउ तपइँले हँ ?...म यस्पी-निस्पेक्टरै भा पनि नि हउ पाँडेजी ! ...इ-इ-इ सप्पै मेडिआका भ्याक्ने-भ्याक्नीहर्लाई च्याप्पका च्याप्प चाइनेकेरे...पाता कस्सेर भ्यालखानमा पुगाउन सक्तिन चइँ थें भने...तेस्सिमालाने... म एउडो बाऊको छोरै हुन्नथें, लु जा ! बरू बाऊको अङ्स-सङ्स चाइन्थेन मलाई ।...जे पर्ला सोइ टर्ला ! ...रटेका सँसृत भट्याउन जानेकै छ, पँडित भनिँदै छइँछु...आइ डन्ट केयार ! यु अन्डरइसटेन ?... अहँ डर-तरास् त नो-नट नि ! अन्तखेरि म जत्तिकाको 'बा'-को जे पा तेइ पोल खोलेर बेजोत गर्णे...? हेर्लाम नि म पनि... तेरिमा सालाहेरू !..."

उनी बौलाहा जस्तो बोकेको बोलेकै गर्न थालेपछि पाँडेको धैर्य पनि टुट्यो र रिसाएको घोर्ले स्वरले झपार्दै भन्यो -" ओए पुरेत बाजे, चूप लाग्ने कि नलाग्ने ? गल'त्याई मागेको हो ? हँ ? यो के तरिका हो - मातेर अर्काका घरमा आएर टुप्पो न फेदका कुरा एकोरो..."

तर, पाँडेलाई सजिलै उछिन्दै उसले भन्यो -" हो त नि हओ अनित्याँड !... हामेरका 'बा'-ले 'सुख्खी र सन्तोष्की नेप्पाली' सोतह 'समबिर्द नेपाल'-को पइत्र र तेत्ति टेसिलो मन्त्र-टुक्का उखानेर उत्रो गरेकोलाई तेसरी हेप्नी ? ...... कल्ले लायो तेसरी हेप्न ? कुन उल्लुले सिकायो तेसरी हेप्न र रेला गरेर उजाति गर्ण हँ ?...मेरा छेउमा आएर हेपुन् त - म तिन्का कन्सिरीका भुत्ला चाइनेकेरे नउखेली छाडुँला त ?...तिन्का आँखा झिकेर गुच्चा नखेली छोडुँला त ? ...तिनका चाइनेकेरे दाँत झारेर गट्टी नखेली छोडुँला त ?... तिन्का टङ्डी नतोडे त म एउडै बाऊबड जन्म्या छोरै होइन, यत्रैसिति !... मैले पाटीको कम्रेटबड मात्तै रिजाएन देको ! मैले पाटीका 'बा'-लाई 'बा' मान्नबड यत्रो खान रिजाएन दिनु थ्यो र ?.....दिन्न ल ! कल्ले के खुत्याउँछ खुत्याओस् ।... इइइस खुत्याउँछ ! लु त लु, खुत्याइहालोस्, अइइइले नै... जस् नाउँ ! लु त ! ...तेरिमा लानेहेरू !"...

पाँडेलाई दिक्क लाग्नु स्वाभाविक थियो तापनि यस्तो अँटेरी- ज्याद्रो मत्थुसँग सिङ जोर्नु पनि आफ्नै वेइज्जत हुने थियो । यस्तो अक्करिलो समयमा बुद्धिले पनि सोचे जस्तो काम गरेन । र, दाँत किट्तै भन्यो -"ओए बाजे, तिम्रा भूतपूर्व 'बा'-बाट के कति नेपाली सुखी बनेका थिए ? नेपाल देशलाई के कति समृद्ध बनाइएको थियो कि लुटैलुटले अझ टाट र निख्लाम बनाइएको थ्यो हँ ? जाँड खाएर जे पायो त्यही बोल्दै ..."

कुर्सी भाँच्ला जस्तो गरी जिउ जुरुक-जुरुक उचाल्दै-थेचार्दै र पाँडेका नाकमा औंला नचाउँदै ,फेरि पनि उसैले उछिन्दै डङ्का पिट्यो -"ल हेर त ! हे भग्बान् , नारान सिभ ! ... लाज-सर्मको अलिइइइकति पनि क्यारलेसै नगरी तपइँ किन बम्केका नि !..किन बम्केका हओ पाँडे चटारेँको साँढे जैसो ?... हन तपइँलाई हामेरका 'बा'-ले दइनिकको डेल्ली घुट्क्याउने पानी मात्तैमा एकतीस सहे रुप्पे र मैनामा साट्ठी हज्जार ठखर्च गर्णे हइसेत राख्छन् भन्ने थाही छैन कि क्या हो, हन ?... तेस्तो, क्या दामी पानी ! सिँघापुर हो कि हङ्गकनको कम्पनी माल हाबाजाजले ल्याइदिने गर्छ था छ छैन ?...हामेरका बा पनि नेपाली हुन् र नेपालीको तो हइसेत हुनु सुख्खी नेपाली हुनु होइन्त अनित्याँड ?... पानीमा मात्तै उत्रो खर्च गर्ने यो बिस्सो सन्सारको होल ओर्लमा आर्को कुन चइँ मूलङ्गरे छ ? मेरा छेउमा आओस् त तो !... हत्तेरिका हउ सर्सोती माता, इ पाँडेलाई अल्कति भा पनि बुद्दि भन्ने गिदीको खोराक किन चइँ नदेको तपइँले ?....ओहो इनले मलाई ठाढै हेपेरै पो बोल्छन् त ? हँ ? के अरे ?...अन्तखेरी एइ झाँपा सरदको होइन तो दम्मक न'र ? तिँहीँ छ त उत्रो अठार तल्ले भिमटाओर बिल्डिङ , तो देख्नु पर्थो कि नाइँ हँ ?... कुरो गर्छौ बोकोले पाठो ब्यायो भनेर भन्ने कथ्था-कुथुङरी जैसो !...तो चइँ 'सम्बिर्द नेपाल'-को नम्ना-एजाम्पुल नभ'र के हो त ?... तपइँका बाजेको खप्पर ?...... ए... तीन कडोर जनसङ्ख जम्मैलाई एक्कैखेप सुख्खी, 'लाङराङ-लुङरुङ नो नट् एल्लाउ' खाले हँस्सिला-पोटिला बनाउन त बिस्नु भग्बानले पनि सक्तैनथे ?...मलाई सोद न भग्बानका ट्यामको धर्म-सँसृतिका कुरा साश्रमा के लेख्या छ भन्-र । ...हन म एस एरिआको छेत्रमा पुरेतजी-पँडितजी भन्-र सप्पैले ढोग्ने र सक्नेहरले सँद्दै अउँसी-पुर्नेमा दच्छिना दिने 'सिरी हरिराम गुरु' होइन्त ?... 'सुख्खी नेप्पाली' त माथि सिम्हदर्बारका ठूलाठालाबड पालै-पालो हुँदै तल हामेरका घराँगनमा आउने जिनिस पो हो त ।... उ... उतिखेरदेखुन् पर्चन्न-देउपाहर्को पालो आउँदै हामेरका 'बा'-पछि अैलेसम्मनमा बल्लतल्ल त बाल्यान सा,...ती रभि लाम्छ्याने, गग्गन थापा, ग्यानबादुर साईहर्को पालो आइरछ ।...अब बिस्तारै हर्ख साम्पाङ, किस्न सिटउला, हामेरकै मुसीकी मम्मीहेरु र रामदुलारीहर्को पालो आइहाल्छ नि माथि-माथिकालाई टन्नतम् 'सुख्ख' पुगेसि ! 'सुख्खी नेप्पाली : सम्बिर्द नेप्पाल' भन्ने जिनिस उभ्भोक गर्ण हतार्रिएर हुन्छ ?...दम्मकको सो-उक्त टाओरभन्दा लङ्कै अल्गो काटमाडुँको झन्नै अक्काश छुने धर्रा पनि टेल्भिजिनका फेसुकहर्मा देख्या छैनउ तपइँले ?...पोचोको पनि हजुरबाऊ नै पो रछउ त हँ - अैलेका मेडियाहेरू जैसै... कस्सो अरे ? मेरो भूत्पूर्बक पाटीका 'मउसुप बा'-ले तीत्तीन खेप पर्दानमन्त्रीको मुकुट ला'र पनि केइ गरेननू अरे ?...हन 'बा' मउसुपले एस्ता-एस्ता 'सुख्खी नेप्पाली : सम्बिर्द नेप्पाल' झल्झली पारिदिँदा पनि र सप्पैतिर लाखम्-कडोरउँ बिकासै बिकासको सिल्यान्यासको न्यूच बर्खौंदेखुन् छत्ताछुल्ल बोडकास भइराख्या कानभरि सुन्दा पनि तपइँले कौनै सपोटको पर्तिकिरिया नदिने र गन्धे मुख ला'र चाइनेकेरे म जैसो पइत्र भाओना बोकेको पँडित-पुरेत वेक्तित्तोलाई उल्टै नेघेटिप गाली जैसो ....धतत्तेरी, के कुरा गर्नु हउ एस्ता पच्छेपातीसित ? ....लु भइहालो म आफ्फैले आफ्फैलाई 'बाई' भनें !... लु खा त !!"....

पाँडेले चड्कन लाउन हातमा धार लाउने सोच्तै र उसका गाला हेर्दै मात्र थ्यो, के बुझेर हो कोनि, हरिराम उठेर धर्खराउँदै र गन्गनाउँदै हिंडी पो गयो ! र, ऊ गएतिर हेर्दै पाँडेले आफैलाई भन्यो -"देखिस् त पाँडे, यस्ता-यस्ताका यस्ता सिँगौरीको दग्धी देशका सबै कित्ता-कान्लामा चलिरहेका होलान् र अठार वर्षे संघीय गणतन्त्र धुरुधुरु रोएर बाँचिरहेको होला नि ? 'बोल्यो कि पोल्यो'-को वातावरण अझै ज्यूँका त्यूँ छँदैछ र अझै हामीले कति निसासिनु पर्ने हो कोनि !!"....

**कार्यान्वयन....**

**पूर्वअर्थराज्यमन्त्री उदय शमशेर राणा**ले पनि बजेटलाई अत्यधिक महत्वाकांक्षी भन्दै ऋण र पूर्वाधार खर्चबीच सन्तुलन नभएको टिप्पणी गरेका छन्। उनले ऋण उत्पादनमुखी क्षेत्रमा खर्च नभए दीर्घकालीन आर्थिक समस्या बढ्ने चेतावनी दिएका छन् ।

नेकपा (माओवादी केन्द्र) का नेता तथा **पूर्वअर्थमन्त्री वर्षमान पुन**ले पनि बजेटको आकार अस्वाभाविक रूपमा ठूलो भएको बताए। योजना आयोगले करिब २० खर्ब रुपैयाँको सीमाभित्र बजेट राख्न सुझाव दिएको अवस्थामा झण्डै डेढ खर्ब रुपैयाँ थपिएको उल्लेख गर्दै उनले ऋणमा आधारित वितरणमुखी बजेट दीर्घकालीन रूपमा टिकाउ नहुने तर्क गरे।

नेकपा (एमाले) का **सांसद गुरू बराल**ले बजेटले मध्यम वर्गको उद्यमशीलता विकासका लागि पर्याप्त कार्यक्रम ल्याउन नसकेको टिप्पणी गरे। सामाजिक सुरक्षा, स्वास्थ्य बिमा र सुकुम्बासी समस्या समाधानका विषयमा बजेट मौन रहेको उनको आरोप छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका **सांसद ज्ञानेन्द्र शाही**ले कर्णाली प्रदेशलाई अपेक्षाकृत कम बजेट दिइएको दाबी गरे। भौतिक पूर्वाधार क्षेत्रमा ठूलो रकम विनियोजन गरिए पनि कर्णालीका आयोजनामा पर्याप्त स्रोत नपुगेको भन्दै उनले सरकारमाथि क्षेत्रीय असन्तुलनको आरोप लगाए ।

**नयाँ....** दिने कर सुधार पनि हो । सरकारले व्यक्तिगत आयकर छुटको सीमा ५ लाखबाट बढाएर १० लाख रुपैयाँ पुऱ्याएको छ भने विभिन्न अन्तःशुल्क तथा अनावश्यक कर संरचना खारेज गरेको छ । २७३ प्रकारका औद्योगिक कच्चा पदार्थमा भन्सार दर घटाइएकाले उद्योगको उत्पादन लागत कम हुने र बजारमा प्रतिस्पर्धात्मकता बढ्ने अपेक्षा गरिएको छ ।

सूचना प्रविधिलाई बजेटले विशेष प्राथमिकता दिएको छ। काठमाडौंको स्युचाटारमा 'एआई कम्प्युट' केन्द्र स्थापना गर्ने, नेपाललाई दक्षिण एसियाकै 'टेक हब' बनाउने, सूचना प्रविधि सेवा निर्यातमा ५० प्रतिशत कर छुट दिने तथा विदेशमा रहेका नेपाली प्रविधि विज्ञलाई आकर्षित गर्ने कार्यक्रम बजेटमा समेटिएको छ। नेपाल टेलिकमको थप शेयर बिक्री गरेर डिजिटल पूर्वाधार विकासमा लगानी गर्ने योजना पनि सार्वजनिक गरिएको छ ।

सरकारले प्रशासनिक सुधारलाई पनि उच्च प्राथमिकता दिएको छ। संघीय मन्त्रालयको संख्या २२ बाट १८ मा झार्ने, ३१ वटा संरचना खारेज गर्ने, केही सार्वजनिक संस्थानलाई निजी( सार्वजनिक साझेदारीमा सञ्चालन गर्ने तथा सरकारी कार्यालयमा 'डिजिटल टाइम कार्ड' लागू गर्ने घोषणा गरिएको छ। यसबाट प्रशासनिक खर्च कटौती गरी करिब २० अर्ब रुपैयाँ बचत हुने सरकारको दाबी छ ।

सामाजिक सुरक्षातर्फ 'सक्नेले छोडौं, नसक्नेलाई जोडौं' अभियानमार्फत भत्ता प्रणालीलाई लक्षित बनाइने भएको छ। दलित बालबालिकाको पोषण भत्ता दोब्बर बनाइएको छ भने कर्मचारीको तलब र भत्ता वृद्धि गरी कुल पारिश्रमिक करिब २१ प्रतिशतले बढ्ने व्यवस्था गरिएको छ ।

बजेटमा संस्कृति, पर्यटन र सृजनात्मक क्षेत्रलाई पनि समेटिएको छ । संगीत, कला, साहित्य तथा आदिवासी समुदायको एथ्नो(म्युजिक प्रवर्द्धन गरिने, नयाँ सिनेमा हल खोल्नेलाई १० वर्षसम्म कर छुट दिने तथा तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल गरिने घोषणा गरिएको छ। दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन प्रक्रिया अघि बढाउने, सिद्धार्थ राजमार्गलाई अन्तर्राष्ट्रियस्तरको द्रुतमार्गमा स्तरोन्नति गर्ने तथा झापाको मेचीनगरमा राष्ट्रिय आवास कम्पनीमार्फत एक सय आवासीय भवन निर्माण गर्ने कार्यक्रम पनि बजेटका आकर्षणका रूपमा रहेका छन् ।

यद्यपि बजेट कार्यान्वयनको चुनौती भने कायम छ । सरकारले १४ खर्ब ५ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ भने बाँकी स्रोत वैदेशिक र आन्तरिक ऋणबाट जुटाउने योजना बनाएको छ। अर्थविद्हरूले ठूलो आकारको बजेट, कर्मचारीको तलब वृद्धि र सामाजिक सुरक्षा विस्तारले बजारमा तरलता बढाउने भए पनि उत्पादन वृद्धि र आपूर्ति व्यवस्थापन प्रभावकारी नभए मुद्रास्फीतिमा दबाब पर्न सक्ने चेतावनी दिएका छन् ।

जेनजी आन्दोलनपछि रोकिएका विकास आयोजना, सुस्ताएको बजार र घट्दो लगानी मनोबललाई पुनर्जीवित गर्ने अवसरका रूपमा यो बजेटलाई हेरिएको छ। बजेटले विकास, प्रविधि, लगानी र प्रशासनिक सुधारका महत्वाकांक्षी योजना अघि सारेको भए पनि यसको वास्तविक सफलता कार्यान्वयनमा निर्भर रहनेछ। घोषणा गरिएका कार्यक्रम समयमै कार्यान्वयन भए अर्थतन्त्रमा नयाँ ऊर्जा सञ्चार हुने अपेक्षा गरिएको छ, अन्यथा जनअपेक्षा पुनः निराशामा बदलिन सक्ने जोखिम यथावत् रहनेछ ।

प्रदेश र स्थानीय तहका लागि पनि ठूलो परिमाणमा वित्तीय हस्तान्तरण गरिएको छ। प्रदेश र स्थानीय तहमा विभिन्न शीर्षकमार्फत ६ खर्ब रुपैयाँभन्दा बढी स्रोत परिचालन हुने सरकारको अनुमान छ । समग्रमा बजेटले पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य र प्रशासनिक सुधारलाई केन्द्रमा राख्दै आर्थिक रूपान्तरणको महत्वाकांक्षी खाका प्रस्तुत गरेको छ। तर राजस्व संकलन, ऋण व्यवस्थापन र कार्यान्वयन क्षमताबारे उठेका प्रश्नले यसको सफलताको वास्तविक परीक्षा आगामी वर्षको कार्यान्वयन चरणमा हुने देखिएको छ ।

**प्रेस क्लब**

प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थानका लागि नगद रु. ११,१११, रु. ७,७७७, रु. ५,५५५ र रु. २,२२२ सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा अग्रज पत्रकार गन्जबहादुर दाहाल, दमक उध्योग वानिज्य संघका कार्यबाहक अध्यक्ष भगवान बश्नेत, पत्रकारका विभिन्न सङ्हथनका नेता तथा प्रतिनिधि लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि दमक नगर प्रमुख रामकुमार थापा ले पत्रकारिता क्षेत्रलाई थप व्यावसायिक, उत्तरदायी र तथ्यपरक बनाउन यस्ता ज्ञानमूलक प्रतियोगिताले महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले सञ्चार क्षेत्र लोकतन्त्रको महत्वपूर्ण आधार भएकाले पत्रकारहरूको क्षमता अभिवृद्धिमा निरन्तर ध्यान दिनुपर्ने धारणा व्यक्त गरे । यस प्रतियोगिताले स्वस्थ प्रतिस्पर्धा र आपसी सहकार्यको वातावरण सिर्जना गरेको आयोजकले जनाएको छ ।

**एक हजार....**प्रक्रिया सञ्चालन गर्ने जनाएको छ। सहकारी, ऋणी र बचतकर्ताबीच छलफल गराई समस्या समाधानमा सहजीकरण गरिनेछ।

वडाको सूचना र सम्पर्क प्रयासपछि पनि ऋणी सम्पर्कमा नआए वा ऋण तिर्न बेवास्ता गरे सार्वजनिक सेवा सुविधामा प्रतिबन्ध लगाउने विषयमा समेत सुझाव दिइने विभागले जनाएको छ।

**चार सय....**उद्दार गरिएकामध्ये करिब आधा सङ्ख्या महिलाको रहेको जनाईएको छ प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूमध्ये केही अलपत्र परेका, केही हराएका तथा केहीलाई विभिन्न प्रलोभनमा पारेर नेपालबाट भारत पुऱ्याई बन्दक बनाइएको हुन सक्ने आशङ्का प्रहरीले गरेको छ ।

**अम्रिसो....** *बाह्र घरेका अनुसार अम्रिसो खेतीमा धेरै मिहिनेत आवश्यक पर्दैन र उत्पादन भएपछि बजारको समस्या पनि हुँदैन। व्यापारीहरू आफैं किसानको खोजीमा पुगेर अम्रिसो खरिद गर्ने गर्छन् ।*

*आर्थिक लाभसँगै अम्रिसो खेतीले वातावरणीय क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ। यसले पहाडी भू(भागलाई हरियाली बनाउनुका साथै भू(क्षय नियन्त्रणमा समेत सहयोग पुऱ्याएको छ। त्यसैले अम्रिसो खेती ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने प्रभावकारी माध्यमका रूपमा स्थापित हुँदै गएको छ।*

## भलिबलमा पदक बिहिन नेपाल

दमक/ काभा महिला भलिबल च्याम्पियनशिपको तेस्रो स्थानका लागि भएको खेलमा नेपाल भारतसँग पराजित भएको छ । त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको खेलमा नेपाल भारतसँग ३-१ को सेटमा पराजित भयो । भारतले पहिलो सेट २५-२२, दोस्रो सेट २५-२३ र चौथो सेट २५-२२ ले जित्यो । नेपालले तेस्रो सेट २५-१५ ले जित्यो ।

योसँगै भारतले तेस्रो स्थानमा रहेर कांस्य पदक जितेको छ । नेपाल चौथो स्थानमा रह्यो । घरेलु मैदानमा आयोजना भएका पछिल्ला ३ प्रतियोगितामा नेपाल पहिलो पटक पदकविहीन भएको हो । सेमिफाइनलमा नेपाल इरानसँग र भारत काजकिस्तानसँग ३-० को सोझो सेटमा पराजित भएको थियो । प्रतियोगितामा ८ वटा टोली सहभागी थिए । समूह 'ए' मा नेपाल, भारत, किर्गिस्तान र माल्दिभ्स तथा समूह 'बी' मा इरान, काजकिस्तान, श्रीलङ्का र बङ्गलादेश रहेका थिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्







## आवश्यकता

**पूर्वसन्देश दैनिक**का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

## पार्ट टाइमको अवसर

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधारमा समझदारीमा निर्धारण गरिनेछ ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००